# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, फागुन २६ गते, २०८१ साल (संख्या २१

## भाग-३

## कर्णाली प्रदेश सरकार

### आर्थिक मामिला तथा योजना मन्त्रालयको

### सूचना

### कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१

**प्रस्तावना:** कर्णाली प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने बहुवर्षीय आयोजनाको प्रस्ताव, छनोट, स्रोत सहमती र कार्यान्वयनलाई व्यवस्थित बनाउँदै आयोजना अनुशासन कायम गरी निर्दिष्ट समयभित्र प्रभावकारी तवरले सम्पन्न गर्न बाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १२३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका निकाय वा कार्यालयबाट सञ्चालित आयोजना वा त्यसभित्र समावेश भएको चरण वा खण्डलाई समेत सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने सहलगानीका आयोजना समेतलाई बुझाउँदछ।

(ग) "कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (कर्णाली प्रोभिन्सियल प्रोजेक्ट बैङ्क म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम - केपिपिविएमआईएस)" भन्नाले आयोगबाट सञ्चालित कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई सम्झनु पर्छ।

(घ) "ठेक्का सहमति" भन्नाले बहुवर्षीय ठेक्का आयोजना कार्यान्वयन प्रक्रिया अगाडी बढाउन आयोगबाट उपलब्ध गराइएको सहमति वा स्वीकृति सम्झनु पर्छ।

(ङ) "निकाय" भन्नाले बहुवर्षीय आयोजना कार्यान्वयन गर्ने कर्णाली प्रदेश सरकारका विषयगत मन्त्रालय वा निकाय तथा सो मातहतका कार्यालयलाई सम्झनु पर्छ।

(च) "प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजना" भन्नाले कर्णाली प्रदेश सरकारले प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजनाको रुपमा तोकेको आयोजना सम्झनु पर्छ।

(छ) "बहुवर्षीय ठेक्का" भन्नाले प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा एक वर्ष भन्दा बढी अधिकतम तीन वर्ष अवधिको ठेक्का सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(झ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(ञ) "स्रोत सहमति" भन्नाले बहुवर्षीय ठेक्काको लागि यस निर्देशिकाको दफा ५ को उपदफा (५) बमोजिम मन्त्रालयले उपलब्ध गराएको सहमति सम्झनु पर्छ।

३. **<u>आयोजना प्रस्ताव गर्ने विधिः</u>** (१) चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रममा परेका कुनै आयोजनाका लागि उपलब्ध बजेट, आयोजनाको प्रकृति अनुसार लाग्ने समयका आधारमा सोही आर्थिक वर्षमा सम्पन्न गर्न नसकिने भई बहुवर्षीय आयोजनाको रुपमा प्रस्ताव गर्नुपर्ने देखिएमा विषयगत मन्त्रालय वा निकायले आवश्यकता, औचित्यता र विनियोजित बजेट तथा स्रोत अनुमान समेतको आधारमा देहायको विवरण संलग्न गरी अनुसूची-१,२ र ३ बमोजिमको ढाँचामा मंसिर मसान्तभित्र आयोगमा पेश गर्नुपर्नेछ।

(क) मध्यमकालीन खर्च संरचना अनुसार पहिलो तीन आर्थिक वर्षको चालु र पुँजीगत बजेट, स्रोत तथा प्रमुख क्रियाकलाप सहितको विवरण,

(ख) आयोजनाको लागत व्यहोर्ने स्रोत स्पष्ट खुलेको विवरण,

(ग) कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (के पि पि वि एम आई एस) मा प्रविष्ट गरिएको पुष्टि हुने कागजात,

(घ) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि एल एम बि आई एस) मा बजेट प्रविष्ट भएको विवरण।

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि प्रस्ताव प्राप्त भएपछि आयोगले दफा ४ को उपदफा (१) बमोजिमको समितिबाट निर्णय गराई बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत गर्नुपूर्व स्रोत सहमतीका लागि पौष मसान्तभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्रोत सहमतिका लागि प्राप्त भएमा मन्त्रालयले आगामी आर्थिक वर्षमा उपलब्ध हुन सक्ने स्रोतको आंकलन, विषयगत मन्त्रालयलाई उपलब्ध हुन सक्ने बजेट सीमा र विगत आर्थिक बर्षमा गरिएको प्रतिबद्धता रकम (कन्ट्र्याक्चुअल अब्लिगेसन) समतेको विश्लेषण पश्चात स्रोत सम्भाव्य देखिएमा माघ मसान्तभित्र सो सम्बन्धी निर्णय गरी आयोगलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयबाट जानकारी प्राप्त भएपछि आयोगले यस निर्देशिकाको शर्तको अधिनमा रही सम्भाव्य आयोजनाको फागुन पहिलो हप्ता भित्र बहुवर्षीय ठेक्काको स्वीकृति दिनुपर्नेछ।

४. **निर्देशक समितिः-** (१) आयोगले दफा ३ को उपदफा (२) बमोजिम बहुवर्षीय आयोजनाको लागि प्रस्तावित आयोजनाको विवरण

मन्त्रालयमा स्रोत सहमती माग गर्नुपूर्व देहाय बमोजिमको निर्देशक समितिमा छलफल गरी निर्णय गराउनु पर्नेछ।

**(क)** अध्यक्ष, आयोग -संयोजक

**(ख)** मन्त्री, मन्त्रालय -सदस्य

**(ग)** मन्त्री, विषयगत मन्त्रालय -सदस्य

**(घ)** उपाध्यक्ष, आयोग -सदस्य

**(ङ)** प्रमुख सचिव, कर्णाली प्रदेश सरकार -सदस्य

**(च)** सचिव, मन्त्रालय, -सदस्य

**(छ)** प्रशासकीय प्रमुख, आयोग -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम छलफल तथा निर्णयका लागि पेश हुन आएका आयोजनाको विवरणका सम्बन्धमा आयोजनाको प्रकृति तथा प्रतिफल समेतका आधारमा प्राथमिकता प्राप्त आयोजनामध्ये क्षेत्रगत सन्तुलन समेतलाई विचार गरी स्रोत सम्भाव्यताका आधारमा बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्नुपर्ने आयोजना एकिन गरी स्रोत सहमतीका लागि प्रक्रिया अगाडि बढाउन आयोगलाई निर्देशन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले उपदफा (२) बमोजिम बहुवर्षीय आयोजना एकिन गर्नु पूर्व विषयगत मन्त्रालय तथा निकायको बार्षिक पूँजीगत बजेटको निश्चित अनुपात भन्दा बढी नहुने गरी सीमा निर्धारण गर्नेछ।

५. **बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्र र लागत सीमा :** (१) बहुवर्षीय ठेक्काको रुपमा कार्यान्वयन गरिने आयोजनाको क्षेत्र र लागत सीमा देहाय बमोजिम हुनेछ।

| सि.नं. | आयोजनाका क्षेत्र | लागतको न्यूनतम सीमा रकम रु. |
|---|---|---|
| १ | सडक तथा अन्य यातायात पूर्वाधार | १५ करोड |
| २ | भवन, आवास, वस्ती विकास तथा सहरी | ३ करोड |

| | | |
|---|---|---|
| | विकास स्वास्थ्य तथा शिक्षा पूर्वाधार, पहिरो तथा नदी नियन्त्रण सम्बन्धी पूर्वाधार | |
| ३ | कृषि तथा औद्योगिक, साँस्कृतिक र पर्यटन, सूचना तथा सञ्चार प्रविधि र ऊर्जा तथा जलस्रोत खानेपानी, सरसफाई तथा सिंचाइ सम्बन्धी पूर्वाधार र खेलकुद पूर्वाधार, | २ करोड |
| ४ | झोलुङ्गे पुल, बेलिब्रिज र सडक पुल | २ करोड |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दुर्गम भौगोलिक क्षेत्र, प्राविधिक जटिलताको कारणले कुनै आयोजनालाई उपदफा (१) बमोजिमको सीमाको पचास प्रतिशत भन्दा बढी लागत अनुमान भएका आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्नुपर्ने भएमा सोको पुष्ट्याई गर्ने आधार र कारण खुलाई विषयगत मन्त्रालयको सचिवबाट प्रमाणित भई आएमा त्यस्ता आयोजनालाई पनि बहुवर्षीय ठेक्काको रुपमा स्वीकृति दिन सकिनेछ।

(३) उपदफा (१) र (२) मा उल्लिखित सीमा भन्दा कम लागत अनुमान भएका आयोजनालाई बहुवर्षीय ठेक्काको रुपमा स्वीकृति प्रदान गरिने छैन। यस प्रकारका आयोजनाहरु विषयगत मन्त्रालय वा निकायले सालबसाली रुपमा कार्यान्वयन गर्नुपर्नेछ।

तर, कार्य प्रकृति नै एक बर्ष भन्दा बढी लाग्ने झोलेङ्गे पुल, सडक पुल, बेलिब्रिज, लिफ्टिङ्ग खानेपानी तथा सिँचाइ आयोजनाको हकमा विषयगत मन्त्रालयको सचिवले सो व्यहोरा प्रमाणित गरी बहुवर्षीय आयोजनाको रुपमा प्रस्ताव गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमका स्रोत सहमतीका लागि प्रस्ताव भएका आयोजनाका लागि चालु आर्थिक वर्षमा कूल लागत अनुमानको कम्तिमा पच्चिस प्रतिशत बजेट विनियोजन भएको हुनु पर्नेछ। यसरी प्रस्ताव गरिएका आयोजनाको लागि सम्बन्धित

मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने प्रतिवद्धता गरेको हुनु पर्नेछ।

तर, आयोगले निर्धारण गरेको मापदण्ड र कार्यविधि अनुसार आयोगको सिफारिसमा कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएका प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजना, दुई करोड भन्दा कम लागतका झोलुङ्गे पुल, बेलिब्रिज र सडकपुल जस्ता आयोजनाको हकमा उपदफा (४) बमोजिमको सीमा लागु हुने छैन।

(५) दफा ४ को उपदफा (१) बमोजिमको समितिको निर्णय, आयोगको सिफारिस, विषयगत मन्त्रालयबाट प्राप्त आयोजनाको पुष्ट्याइ विवरण र आगामी आर्थिक वर्षमा उपलब्ध हुन सक्ने बजेट सीमा तथा प्रदेशको समग्र वित्तीय स्रोत उपलब्धताको आधारमा मन्त्रालयले स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आयोजनाको क्षेत्र तथा अधिकतम लागत सीमा नेपाल सरकारबाट जारी भएको आयोजना बर्गीकरणको आधार र मापदण्डले निर्धारण गरे बमोजिम हुनेछ।

(७) आयोगले निर्धारण गरेको मापदण्ड र कार्यविधि अनुसार आयोगको सिफारिसमा कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएका प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजना तथा संघीय समपुरक अनुदान अन्तर्गत सञ्चालित हुने आयोजनाको हकमा यस दफामा उल्लेख गरे बमोजिमको स्रोतको सहमती लिनुपर्ने छैन।

६. **<u>बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधारः</u>** दफा ३ बमोजिम विषयगत मन्त्रालय वा निकायबाट स्वीकृतिको लागि पेस भएको आयोजनाको सम्बन्धमा आयोगले देहायका आधारमा बहुवर्षीय ठेक्काका लागि स्वीकृति दिन सक्नेछः-

(क) कर्णाली प्रदेशको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने प्राथमिकता प्राप्त रणनीतिक महत्वका आयोजना,

**(ख)** विषयगत मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भई कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) मा अध्यावधिक भएको,

**(ग)** डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्र्याक्ट) बाहेक अन्य ठेक्काको हकमा प्रचलित कानूनले तोकेबमोजिम आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको,

**(घ)** जग्गा आवश्यक पर्ने आयोजनाको हकमा जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

**(ङ)** मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

**(च)** खरिद गुरुयोजना, वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना एवम् अनुगमन तथा मूल्याङ्कन योजना तयार भएको,

**(छ)** आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

७. **<u>बहुवर्षीय ठेक्काको स्रोत सहमती सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३ को उपदफा (२) बमोजिम आयोगबाट स्रोत सहमती माग भई आएको आयोजना आवश्यकता र औचित्यको पुष्ट्याँइ तथा स्रोत उपलब्धता समेतको आधारमा प्रदेश गौरव र प्राथमिकता प्राप्त आयोजना बाहेकको अन्य आयोजनाको हकमा मन्त्रालयले आर्थिक वर्षमा सुरु विनियोजन रकम सहित बढीमा चार गुणा सम्म स्रोत सहमती प्रदान गर्न सक्नेछ।

(२) प्रदेश गौरव वा प्राथमिकता प्राप्त आयोजना बाहेकको आयोजनाको हकमा यस निर्देशिकाको अधिनमा रही प्रदान गरिएको बहुवर्षीय ठेक्काको स्रोत सहमतिको अवधी बढीमा तीन वर्षको हुनेछ।

(३) बहुवर्षीय ठेक्काको स्रोत सहमतीबाट आगामी आर्थिक वर्षको लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालयलाई प्राप्त बजेट सीमाभित्रबाट व्यवस्थापन गर्नुपर्नेछ।

(४) प्रस्ताव पेश गर्ने मन्त्रालय वा निकायको चालु आर्थिक वर्षको बजेट, विगत आर्थिक वर्षमा दिइएको स्रोत सहमतीको स्थिति र चालु आर्थिक वर्षमा प्राप्त भएको तथा हुन सक्ने स्रोतको आकलन समेतको आधारमा मन्त्रालयले माघ मसान्तसम्म बहुवर्षीय ठेक्काको स्रोत सहमती उपलब्ध गराउन सक्नेछ।

(५) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको स्रोत सहमति प्रदान गरेको मितिले ६ (छ) महिना वा सोही आर्थिक वर्षको जेष्ठ मसान्त मध्ये जुन अवधि पहिले आउँछ सोही अवधिमा ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्द हुनेछ।

(६) मन्त्रालयबाट नयाँ आयोजनामा स्रोत सहमती प्रदान गर्दा विषयगत मन्त्रालय वा निकायले अघिल्लो आर्थिक वर्ष वहुबर्षीय ठेक्काको स्रोत सहमती भएका आयोजनाहरुको कार्य प्रगति (भौतिक तथा वित्तीय प्रगति) को विवरण खुलाई पेस गर्नुपर्नेछ।

(७) मन्त्रालयबाट स्रोत सहमती प्रदान गरिएका र आयोगबाट बहुवर्षीय ठेक्का सहमती प्रदान गरिएका आयोजनाको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा विषयगत मन्त्रालयले आफ्नो र मन्त्रालय तथा आयोगले सबै निकायको एकिकृत अभिलेख राख्नु पर्नेछ।

८. **<u>स्रोत सहमती दिएका आयोजनामा बजेट विनियोजनः</u>** विगत आर्थिक वर्षमा बहुवर्षीय स्रोत सहमती प्रदान गरिएका आयोजनामा सम्बन्धित मन्त्रालय वा निकायले आगामी आर्थिक वर्षको लागि प्राप्त हुन सक्ने अनुमानित बजेट सीमाको आधारमा आवश्यक बजेट छुट्याएर मात्र नयाँ आयोजना प्रस्ताव गर्नु पर्नेछ।

९. **<u>कार्यान्वयन गर्ने निकाय र जिम्मेवारी</u>** (१) बहुवर्षीय ठेक्काको लागि स्रोत सहमति प्राप्त आयोजना सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा अन्तर्गतको कार्यालयको हुनेछ।

(२) बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न स्वीकृत भएको आयोजनालाई विषयगत मन्त्रालयले बार्षिक रुपमा प्रतिवद्धता गरेको रकम आयोजना अवधिभर निरन्तर बजेट विनियोजन गर्नु पर्नेछ। यसरी बजेट विनियोजन नगरिएका आयोजनालाई पुनः बहुवर्षीय आयोजनाको रुपमा बजेट विनियोजन गरिने छैन।

१०. **<u>अनुसूची हेरफेरः</u>** यस निर्देशिकामा उल्लिखित अनुसूचीमा हेरफेर गर्नुपर्ने भएमा मन्त्रालयले हेरफेर तथा थपघट गर्न सक्नेछ।

११. **<u>खारेजी र बचाउः</u>** बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ खारेज गरिएको छ। सो निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश सरकार

.................................मन्त्रालय

**आयोजना प्रस्ताव फाराम**

**खण्ड कः आयोजनाको आधारभूत विवरण**

१. आयोजनाको नामः

नेपालीमाः

अंग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिम

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐

उत्पादन प्रधान

निर्माण प्रधान ☐ सुशासन प्रधान ☐

६. आयोजनाबाट लाभान्वित हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरूः

(क) कार्यान्वयन क्षेत्रः जिल्लाः निर्वाचन क्षेत्रः

न.पा./गा.पा.

(ख) छनोटका आधारहरूः

७. आयोजनाको कूल लागतः

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) शुरु हुने मितिः

(ख) सम्पन्न हुने मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

९. आयोजना कार्यान्वयन गर्ने निकाय/कार्यालयः

**खण्ड खः आयोजनाको वित्तीय/आर्थिक विवरणः**

१०. आयोजनाको कूल लागत र स्रोत विवरण (रु. हजारमा)

११. आयोजनाको कूल रकमको वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट | कार्य परिमाण/प्रगति |
|---|---|---|
| | | |
| | | |
| | | |

१२. आयोजनाको ठेक्का सङ्ख्या र रकमः

| आयोजना अवधिको | |
|---|---|
| ठेक्का सङ्ख्या | ठेक्का रकम |
| | |
| | |

१३. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन?
नभएको भए हुनु नपर्ने कारणः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१४. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि (Pay-back Period)

(ख) लाभ-लागत अनुपात (Benefit Cost Ratio)

(ग) वित्तीय प्रतिफल दर (Financial Internal Rate of Return-FIRR)

(घ) खुद वर्तमान मूल्य (Net Present Value-NPV)

(ङ) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

(च) सम्भाव्यता अध्ययन गर्ने निकायः



आन्तरिक मामिला तथा कानून मन्त्रालय

१५.वातावरणीय प्रभाव मूल्याङ्कनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने):

१६.आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

**(क) लाभान्वित हुने कुल जनसंख्या**

| महिला | पुरुष | जम्मा | लक्षित वर्ग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | दलित | आदिवासी जनजाती | मधेशी | मुस्लिम | अन्य |
| ........ | ......... | ........ | .......... | .......... | .... | ....... | ...... |

**(ख)** रोजगारी सिर्जना सङ्ख्या (श्रम दिन):

**(ग)** उत्पादन वा सेवामा वृद्धि हुने अनुमानित परिमाणः

**(घ)** क्षेत्रीय सन्तुलनमा पुऱ्याउने योगदानः

**खण्ड गः प्रशासनिक तथा व्यवस्थापकीय विवरणः**

१७.आयोजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्ति व्यवस्थाः-

**(क)** भईरहेको जनशक्तिबाट हुनेः

**(ख)** आवश्यक थप जनशक्तिको विवरणः

१८.आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्थाः

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकमः

(ख) अनुगमन तथा मूल्याङ्कनको संरचनात्मक व्यवस्थाः

(ग) अनुगमन तथा मूल्याङ्कनमा दातृ निकायबाट हुने सहयोग (आर्थिक, प्राविधिक र अन्य):

(घ) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

१९.आयोजनाका लागि आवश्यक प्रमुख भौतिक सामाग्रीहरुः

| सामाग्रीको नाम | एकाइ | अनुमानित मूल्य (रू. |
|---|---|---|

| | | |
|---|---|---|
| | | हजारमा) |
| | | |
| | | |

२०.आयोजना प्रस्ताव गरिएको क्षेत्रका यस्तै प्रकारका अन्य कुनै आयोजना भए सोको विवरणः

**(क)** यस्तै प्रकारका सम्पन्न भईसकेका आयोजनाको विवरण (सबल र दुर्वल पक्षहरु):

**(ख)** यस्तै प्रकारका हाल सञ्चालन भईरहेका आयोजनाको विवरणः

**(ग)** यस्तै प्रकृतिका अन्य आयोजना पनि सञ्चालन हुन गईरहेको भए सोको विवरणः

२१.आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Operational Plan) सम्बन्धी व्यवस्थाः

२२. मध्यमकाली खर्च संरचनाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्वस्वीकृती सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट**

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | अनुसूची-१ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव, | | | |
| २ | प्रदेश सरकार मन्त्रिपरिषद्ले प्रदेश गौरवको आयोजनाको रुपमा स्वीकृत गरेको आयोजना, | | | |
| ३ | नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन र प्रचलित कानुन बमोजिम प्रदेशको अधिकार क्षेत्रभित्र रहेको, | | | |
| ४ | प्रदेश सरकारबाट स्वीकृत कार्यविभाजन नियमावली बमोजिम मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने आयोजना रहेको, | | | |
| ५ | प्रदेश आयोजना बैङ्कमा समावेश भएको र दफा ५ को क्षेत्र र लागत सीमा भित्र रहेको, | | | |
| ६ | बहुबर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय एक वर्ष भन्दा बढी र अधिकतम तीन वर्ष भएको, | | | |
| ७ | चालु आर्थिक वर्षमा आयोजनाको लागि **पच्चीस प्रतिशत** भन्दा बढी बजेट विनियोजन भएको (नहुनुपर्ने आयोजना भए खुलाउने) | | | |
| ८ | आगामी आर्थिक वर्षमा आयोजनाको लागि बजेट प्रस्ताव गर्ने प्रतिवद्धता, | | | |
| ९ | सम्बन्धित मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन/ लागत अनुमान, वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भई प्रदेश | | | |

| | | | | |
|---|---|---|---|---|
| | आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (PPBMIS ) मा सम्पुर्ण विवरणहरु प्रविष्टी, | | | |
| १० | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन/प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्य सम्पन्न भएको, नपर्नेको हकमा कानूनी आधार स्पष्ट खुलाउनुपर्ने, | | | |
| ११ | आयोजनाको लागि जग्गा अधिग्रहण गर्नुपर्ने भए जग्गा प्राप्तिको सुनिश्चितता, | | | |
| १२ | मध्यमकालीन खर्च संरचनामा उल्लेख, | | | |
| १३ | वैदेशिक सहायता संलग्न भएको आयोजनाको हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको, | | | |
| १४ | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना र वार्षिक खरिद योजना तयार, | | | |
| १५ | संघ, प्रदेश र स्थानीय तह र नीजि क्षेत्रको साझेदारीमा तथा सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको | | | |
| १६ | बहुवर्षीय ठेक्का सम्झौता गर्न पूर्वस्वीकृतिका लागि चालु आ.व.को मंशिर मसान्त भित्र आयोगमा पेश गरेको, | | | |

| **तयार गर्ने** | **पेश गर्ने** | **स्वीकृत गर्ने** |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः | नाम,थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची- ३

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**Project Information for Project Inventory and Establishment of Provincial Project Bank**

| | | |
|---|---|---|
| A. General Information | | |
| Project Name | | |
| Project Id/Code | | |
| Priority of Project | National Pride Project<br>Priority 1 (p1)<br>Priority 2 (p2)<br>Other<br>(for future project, indicate only if applicable) | |
| Sector | Transport/Urban Development/Energy/Tourism/Irrigation Infrastructure/Health/Education/Industry/ other……….. | |
| Line Ministry | | |
| Implementing Agency/ Authority | | |
| Contact Person (designation, contact number, email) | | |
| Project Location | District(s)<br>Municipality (s)/Rural | ……………………..<br>………………… |

| | | |
|---|---|---|
| | Municipality (s) | …………………… …………………….. |
| Project Implementation Modality | Government of Karnali Province<br><br>PPP<br><br>Private Domestic<br><br>Private Foreign<br>Both (Domestic and Foreign)<br>(Please Fill in this section for both ongoing & Future Projects) | Funding source ……………….. ………………<br>Type of PPP (BT,BOOT,etc.)<br><br>Company Name …………….. ……………..<br><br>Domestic……………… ….%<br>Foreign …………………% |
| B. Project Specific | | |
| B1. Brief Description of project including salient feature | Please attach brief notes in the annex for B1 & B2 | |
| B2. Justification of project selection for implementation | | |
| B3. Project Status | i. Under Implementation Type of Contract: | a) Tender and Contract Phase<br>b) Ongoing/ Under |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | |
|---|---|---|
| | Name of Contractor:<br>(Please insert a brief note on current status of work)<br><br>(Please insert a brief note on current status including name of agency/consultant responsible for the study and the cost of study) | construction<br><br>BoQ<br>EPC<br>Turn Key<br>……………………..<br>……………………<br><br>a) Desk Study<br>b) Prefeasibility<br>c) Feasibility<br>d) DPR/DER<br>Is project Development Fund mechanism in place?<br>Yes<br><br>No |
| B4: Project Implementation Schedule and Current Status | i. Preconstruction Activities<br>a. Required Clearance and approval for implementation from federal/Provincial/ Local government(s)<br>b. Government support if any (VGF,Guarantees, etc.)<br>c. Design completion<br>d. Tendering and contract award<br>D1. Package 1<br>D2. Package 2<br>D3. Package 3<br>D4. Package 4 | (Indicate Estimated/ Actual Date)<br>Mm/yyyy<br><br>Mm/yyyy<br><br>Mm/yyyy |

| | | |
|---|---|---|
| | e. Other activities (Environmental clearance/ EIA/ SIA/ Land acquisition, etc..)<br>ii. Construction<br>a. Commencement Date (Estimated and Actual)<br>b. Completion Date (Estimated)<br>iii. Project milestone and critical dates (Please insert a brief project implementation schedule (PIS, if any an annex). | Mm/yyyy |
| B5. Project cost for Implementation<br>B5.1 Total Project Cost | Original Estimate Date of Estimate<br>Revise Estimate (if any)<br>Revise Date<br>(for both ongoing and future project)<br>Actual expenditure till FY<br>(Only for ongoing project) | Cost Estimate (USD)<br>Revised Cost Estimate (USD)<br>Total Cost in USD as of Date:<br>Total Cost in NRP as of Date: |
| B5.2 Each breakdown of cost under major heading available?<br>YES NO<br>If Yes, Provide summery of cost under major headings in B5.3 | | |

| | | | | |
|---|---|---|---|---|
| B5.3 Summery of cost under major headings<br><br>Please indicate basis for conversion of FC in to NPR | Cost Heading<br>………<br>……… | Foreign Cost(FC) Component<br>………<br>……… | Nepali Rupees (NPR) cost component<br>………<br>……… | Total Cost in NPR<br>…………<br>…… |

**C: Project Planning Arrangement**

| | | |
|---|---|---|
| C1. Financing Structure | GoN Share<br>Loan<br>Grants<br>Private Equity<br>Others (Mezzanines,VGF,etc.) | Percentage(%)<br>…………….<br>…………….<br>……………..<br>…………….<br>…………… |

C2. Project Financing Status
Is the financing for the Project already in place?

YES ☐ NO ☐

If Yes, Please answer section C3.
If No, what is the proposed plan for financing arrangement for the project ? (add a brief note)
………………………
…………………….. ……………………..
…………………………………
…………………………………………………………………………….
. ………………………………

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | |
|---|---|---|
| C3. Sources of Fundin g | For Government Project:<br>a) GoN<br>b) Internal Loan<br>c) External Source<br>Loan<br>Grant<br><br>For PPP and Private Project<br>a) Internal Loan<br>b) External Loan<br>c) Private Equity<br>Foreign Loan<br>d) Others | (Funding agencies and their contribution in USD)<br>Funding agency<br>Fund<br>…………….<br>…………..<br>……………..<br>………………. |
| C4. Annual Financing Requirement<br>Please provide actual/proposed annual financial requirement of the project in annex. | | |
| **D. Project Viability:** | | |
| D1 Econo mic indicato rs | EIRR:<br>NPV (@ Discount Rate):<br>B/C Ratio: | ……………..%<br>……………….%<br>………………. |
| D2. Financi al indicato rs: | FIRR:<br>NPV (@ Discount Rate):<br>B/C Ratio:<br>IRR on Equity:<br>Payback Period: | ……………..%<br>……………….<br>……………….<br>……………….<br>………………. Years |
| D3. Social Sector Indicato rs: | Cost Effectiveness:<br>Employment Rate:<br>B/C Ration: | ……………….<br>……………….<br>………………. |
| **E. Land Acquisition Status and Resettlement (Fill in this part only if Land Acquisition and Resettlement is required )** | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

<table>
<tr><td></td><td>Required Land(Ha.)</td><td colspan="2">Total Acquired Land till Dates (Ha.)</td><td colspan="2">Remaining Land to be Acquired (Ha.)</td></tr>
<tr><td>E1. Land Acquisition status<br>a. Government Land<br>b. Forest<br>c. Othe...........<br>d. Guthi Land<br>e. Private Land<br>f. Other (Please specify)</td><td colspan="3"></td><td colspan="2"></td></tr>
<tr><td colspan="6">E2. For remaining land to be acquired, please mention the target date to acquire: MM/YYYY<br><br>Please indicate issues in remaining land acquisition (if any):..<br>……………….. ……………………<br>………………….. …………………..<br>……………….. ……………..<br>………………….. ……………………</td></tr>
<tr><td>E3. Resettlement Plan for Project Affected Families (PAFs)</td><td colspan="2">No. of affected households (HHs)</td><td colspan="2">No. of HHs relocated/resettled</td><td>No. of remaining HHs to be relocated/ resettled</td></tr>
</table>

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| **F. Target Beneficiaries** | | |
|---|---|---|
| | Direct (Number of Household) | Number and type of people who will benefit directly from the project. |
| | | |
| | | |
| | Indirect (Number of Household) | Number and type of people who will benefit indirectly from the project. |
| | | |
| | | |
| **G. Outcomes and Deliverables** | | |
| | Indicate final outcomes for the project in the form of measurable indicators which can be used for impact assessment/ evaluation after the project is complete | Identify the key outcomes (physical, financial, etc.) and pieces of work that needs to be undertaken. |
| | | |
| **H. Risk and Issues** | | |
| | Risks<br><br>Key Issues | Mention key risks and issues identified for project implementation and successful completion (In 1-3 major risks and issues). |
| **I. Basis of Project Selection** | | |
| I1. Is this Project/ Scheme part of any master plan of the Sector?<br>Yes No | | |

<table>
<tr><td colspan="3">If Yes,<br>i. Please submit available Master Plan Document.<br>Ii Has the Master Plan Document been approved?<br>Yes No<br>i. If Yes, name the approving Authority and date<br>Approving Authority: ………………<br>Approval Date: mm/yyyy<br>If No,<br>i. On what basis (selection criteria) is the project selected (include brief note)?<br>……………………………………………………………………………………<br>……………………………………………………………………………………<br>ii. Is the project derived from Provincial Periodic Plan or any other strategic document that established development priorities at appropriate government authority (included brief note)?<br>……………………………………………………………………………………<br>……………………………………………………………………………………<br>iii. Is there any plan to develop master plan of the section?<br>…………………………………………………………………………..<br>iv. If yes, by which date?<br>…………………………………………………………………………</td></tr>
<tr><td colspan="3">J. Remarks (If any)</td></tr>
<tr><td>K. Form received date and document status</td><td></td><td></td></tr>
<tr><td>To be filled in by KPPC</td><td>Document received date</td><td>Dd/mm/yyyy</td></tr>
</table>

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | |
|---|---|---|
| To be filled in by KPPC | Document received (select) | Concept paper executive summary, feasibility report, DPR, others |
| To be filled in by KPPC | Remarks | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची- ४

(दफा ७ को उपदफा ७ सँग सम्बन्धित)

.........................मन्त्रालय/निकाय

**बहुवर्षीय** आयोजनाको **अभिलेख फाराम**

आर्थिक वर्षः

| क्र.स | आयोजनाको नाम र ठेगाना | कुल लागत अनुमान | आर्थिक वर्ष अनुसारको बजेट रकम | | | आयोजना अवधि | आयोजना कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | शुरु विनियोजन/ (पहिलो वर्ष) | दोस्रो वर्ष | तेस्रो वर्ष | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

*द्रटव्यः आयोजना कार्यान्वयनको अवस्थामा बहुवर्षीय आयोजना स्वीकृत भएपश्चात सोको भौतिक, वित्तीय र अन्य उल्लेखनिय कुनै विषय भए सो समेत उल्लेख गर्नुपर्नेछ।*

आज्ञाले,

निर्णय मितिः २०८१/११/१३

रविलाल शर्मा

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**